आठबीस नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राकम कर्णाली, दैलेख

कर्णाली प्रदेश नेपाल

## सोलार सेट,कम्प्यूटर प्रिन्टर सेट आपुर्ति सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

सूचना नं. २।०७४।०७५

(प्रथम पटक प्रकाशन मिति : (२०७५।१।२३ गते)

१) यस नगरपालिकालाई आवश्यक पर्ने तपसिलमा उल्लेखित यान्त्रिक उपकरण सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२) दरभाउपत्र फारमको लागि प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समयभित्र यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको फर्म/संस्था /कम्पनी दर्ताको कागजात, व्यवसाय दर्ताको कागजात, मूल्यअभिवृद्धि कर /स्थायी लेखा नम्बर (PAN) दर्ता कागजात, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता प्रमाण पत्र, कुनै उत्पादक फर्म वा कम्पनीको आधिकारिक बिक्रेता भए आफूलाई प्राप्त आधिकारिक पत्र(Authorization Letter) को प्रमाणित प्रतिलिपीहरु तपसिलमा उल्लेखत दरभाउ पत्र दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछि रित पूर्वक दस्तखत भएको र कार्यालयको छाप लागेको दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका दरभाउपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औ दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गराउनु पर्नेछ ।

४) दरभाउपत्र फारम साथ जमानत वापतको रकम यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैक दैलेख स्थित च हि नं.४०१०३०४०१८११० मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (दरभाउपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, वा बिडवण्ड यो सूचना प्रकाशित भएको मितिपछिको लाई मात्र मान्यता दिइनेछ ।

५) दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारामहरु यस कार्यालयमा दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औ दिनको ४:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउ पत्र फाराम खरिद गर्ने,दर्ता गर्ने र खोल्ने दिनमा सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र पूर्ण रुपमा स्वीकृत गर्ने,आंशिक रुपमा स्वीकृत गर्ने,रद्ध गर्ने लगायतका दरभाउपत्र सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघी आएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । दरभाउपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७)दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) दरभाउपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको वेवसाइट वा सूचनापाटी मार्फत जानकारी दिइनेछ ।

९) यस सूचनामा उल्लेखित भए बाहेकका बिषयहरुमा सार्वजनिक खरिद ऐन २०६३, (संशोधित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित), अनुसार हुनेछ ।

१०) दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

तपशिल:

| दरभाउपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | लागत अनुमान (भ्याट सहित) | दरभाउपत्र फारम दस्तुर रु. | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ०२/२०७४/०७५ | Solar Set (2 KVA ) | १० सेट | १९,५०,०००। | १,०००।- | कबुल अंकको २.५ प्रतिशत | दरभाउपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम |
| ०३/२०७४/०७५ | Lap Top Computer With Printer | १५ सेट | १५,००,०००। | १,०००।- | | |

आठबीस नगरपालिका दैलेख

२०७५।१।२२

प्रमुख प्रशासकीय अधिकृत

Website: www.aathabismun.gov.np Email: aathabismun@gmail.com सम्पर्क नं ०८९६९०४७५